# चामे गाउँपालिका

# चामे गाउँपालिकाको आर्थिक ऐन,२०८२

गाउँसभाबाट परित गरेको मितिः२०८२।०३।११

गाउँ कार्यपालिकाको कार्यालय

चामे,मनाङ

गण्डकी प्रदेश, नेपाल

चामे गाउँपालिका

# चामे गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को आर्थिक ऐन, २०८२

**प्रस्तावनाः**

चामे गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व परामर्श समितिको प्रतिवेदन, २०८२ को सुझाव अनुसार स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम चामे गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चामे गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो २०८२ साल श्रावण १ गते देखि चामे गाउँपालिकाको कार्य क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :** गाउँपालिकाको क्षेत्रभित्र अनुसूची १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।सम्पत्ति कर साविक अनुसार गाउँपालिकाले निर्धारण गरेको मूल्यांकन लाई आधार लिईनेछ। जग्गा वर्गिकरण कार्य पूरा भएपछि सोही बमोजीम कर निर्धारण गरिनेछ।

**३. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४.घर जग्गा बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिवुटी, जीवजन्तु र कवाडी कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, छाला, प्वाँख, जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**१०. बहाल विटौरी शूल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची ९ बमोजिम हाल बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११.पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, रक क्लाइम्विङ, कोयोकिङ, क्यानोइङ्ग, ऱ्याफ्टीङ, बन्जी जम्पीङ, जिपफ्लायर शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, रक क्लाइम्विङ, कोयोकिङ, क्यानोइङ्ग, ऱ्याफ्टीङ, बन्जी जम्पीङ, जिपफ्लायर आदिको सेवा वा व्यावसाय सञ्चालन गरेवापत अनुसूची ११ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शूल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४.पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. दहत्तर वहत्तर :** गाउँपालिका क्षेत्रभित्र हुने दहत्तर बहत्तरमा अनुसूची १४ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

**१६. कर छुट/जरीवाना :** यस ऐन बमोजिम वाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । विशेष अवस्थाका कर छुट सम्वन्धी व्यवस्था अनुसूची १५ मा उल्लेख गरिएको छ ।

**१७.कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :** यो ऐन भएको व्यवस्था अनसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)

## सम्पत्ति करको दायरा तथा करको दर

आ.ब.२०७५।०७६ को श्रावण १ गतेबाट यस चामे गाउँपालिकामा लागु हुने गरी यस चामे गाउँपालिकाको क्षेत्रभित्र सम्पति कर प्रणाली लागु गरीएको थियो । स्थानीय तह सम्बन्धी प्रचलित कानून बमोजिम घर जग्गाहरुको मूल्याङ्कन निम्नानुसार रहेको छ । साथै आफ्नो घर जग्गाको न्यूनतम मूल्य भन्दा बढी मूल्य कायम गर्न करदाताले चाहेमा सो मूल्य कायम गर्न उसलाई स्वतन्त्रता दिइनेछ तर पछिल्ला आ.व. हरुमा सोको मूल्य घटाउन पाइने छैन । मिति २०८२/०३/११ मा स्वीकृत भई लागु भएको कार्यविधि तपशिल बमोजिम संशोधन गरी लागु गरीनेछ ।

**क) जग्गाको न्यूनतम मुल्याङ्कन**

| क्र. सं. | क्षेत्र | विवरण | प्रतिरोपनी मुल्य | वडानं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यापारीक | तिर्चुडाल्दा देखि मस्याडदी पक्कीपुलसम्म चामे वेशिसहर सडकसंग जोडिएका दायाँ वायाँका जग्गाहरु | १८लाख | ३ र ४ | |
| २ | व्यापारीक | छितिपु देखि कोतो चौकीसम्म चामे वेशिसहर सडकसंग जोडिएका दायाँवायाँका जग्गाहरु | १५लाख | ३ | |
| ३ | आवासीय | जि.प्र.का. चोकदेखि शान्तीटोल हुँदै घट्टेखोला झोलुङ्गे पुलसम्मको सडकसंग जोडिएका दायाँ वायाँका जग्गाहरु | १५ लाख | ४ | |
| ४ | आवासीय | लोकप्रिय स्कुल चोक देखि हस्पीटलसम्मको सडकसंग जोडीएको दायाँ वायाँको जग्गाहरु | १५ लाख | ४ | |
| ५ | आवासीय | गुम्वापछाडिबाट घट्टे खोलासम्मको सडकसंग जोडीएको दायाँ वायाँको जग्गाहरु | १५ लाख | ३ र ४ | |
| ६ | आवासीय | मथि ३,४,५ माउल्लेख भएको वाहेक सडकसंग नजोडिएका जग्गाहरु | ७ लाख | ३ र ४ | |
| ७ | कृषि | चामे वेशिसहर सडकले छोएका वस्ती विकास योग्यजग्गाहरु | ११ लाख | ३ र ४ | |
| ८ | कृषि | चामे वेशिसहर सडकले नछोएका खेतीयोग्य जग्गाहरु | ५ लाख | ३ र ४ | |
| ९ | कृषि | चामे बेशिसहर सडकले छोएको तर सडकले छोएको भाग पाखा पखेरा भई सडक छेउमा कुनै भवन संरचना बनाउन नमिल्ने जग्गालाई खेति योग्य जग्गा | ५ लाख | ३,४ र ५ | |
| १० | बनपाखा | बन बुट्यान खोला किनार एवम् भिर पाखाका जग्गाहरु | १ लाख | ३ र ४ | |
| ११ | आवासीय | मस्याडदी वारी (गाउँपालिको कार्यालयतर्फ) नार्पाभूमि गा.पा.र मनाड डिस्याड गा.पा.ले छोएको मोटरवाटोसंग जोडिएको दायाँवायाका जग्गाहरु | ११ लाख | ४ र५ | |
| १२ | व्यापारिक | चामे गाउँपालिकाको वडा नं. ५ को कार्यालयको बजार क्षेत्रको जग्गाहरु | १८ लाख | ५ | |
| १३ | कृषियोग्य | वडानं. ५ का कृषियोग्य जग्गाहरु | ५ लाख | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | बनपाखा | बन वुट्यान खोला किनार एवम् भिर पाखाका जग्गाहरु | १ लाख | ४ र ५ | |
| १५ | कृषि | पावरहाउस देखि तिमाड सार्वजनीक शौचालय भन्दा तलका चामे वेशिसहर सडकले छोएको दायाँ बायाँका वस्ती बाहेक खेतियोग्य जग्गाहरु | ५ लाख | १ | |
| १६ | आवासीय | पावरहाउस देखि तिमाड सार्वजनीक शौचालय भन्दा तलका चामे वेशिसहर सडकले छोएको दायाँ बायाँका वस्ती विकास भएका जग्गाहरु | १० लाख | १ | |
| १७ | आवासीय | तिमाङ सार्वजनीक शौचालय रहेको स्थान देखि तगारो डाँडासम्म चामे बेशिसहरले छोएको दायाँ वायाँका जग्गाहरु | १५ लाख | १ र २ | |
| १८ | व्यापारीक | पावरहाउस देखि तिमाड वस्तीसम्मका भित्रि सडकसंग जोडिएका दायाँ वायाँका जग्गाहरु | ७ लाख | १ र २ | |
| १९ | आवासीय | स्यार्कु वस्ती क्षेत्रका चामे वेशिसहर सडकसंग जोडिएका दायाँ वायाँका जग्गाहरु | १२ लाख | १ | |
| २० | आवासीय | मथि १४, १५ र १६ मा उल्लेख भएको वाहेक सडकसंग जोडिएका जग्गाहरु | ७ लाख | १ र २ | |
| २१ | कृषि | मथि १४, १५ र १६ मा उल्लेख भएको वाहेक खेतीयोग्य जग्गाहरु | ५ लाख | १ र २ | |
| २२ | आवासिय | थान्चोक घट्टेखोला देखि कोक्यो डाँडासम्म चामे वेशिसहर सडकसंग जोडिएका दायाँ वायाँका जग्गाहरु | १२ लाख | १ र २ | |
| २३ | आवासीय | थान्चोक वस्ती क्षेत्र भित्र सहायक मोटरबाटोले छोएका दाया वायाँका जग्गाहरु | १० लाख | १ र २ | |
| २४ | कृषि | वडा नं. २ क्षेत्र भित्रका सडकले नछोएका खोतियोग्य जग्गाहरु | ५ लाख | २ | |
| २५ | बनपाखा | बन वुट्यान खोला किनार एवम् भिर पाखाका जग्गाहरु | १ लाख | १ देखि ५ सम्म | |

**पुनश्चः**

- ५ रोपनी भन्दा वढी क्षेत्रफल भएको एउटै कित्ताको कुनै भाग सडकले छोएको भएमा सडकले छोएको भागबाट २० मिटर सम्म सडकले छोएको र बाँकी सडकले नछोएकोमा खेति योग्य भए कृषि योग्य र अन्य भए बनपाखामा गिन्ती गरी बहुदर विधिबाट सम्पत्ति कर लागु गर्नुपर्ने । तर क्षेत्रफल ५ रोपनी र सोभन्दा कम भएमा पुरै कित्ता सडकले छोएकोमा गन्ती गरी कर लगाइनेछ ।
- खेती योग्य जग्गा सडकले छोएको भएतापनि व्यापारी, आवास क्षेत्र नवन्दासम्म खेती योग्य जग्गा नै कायम गरी कर लागु गरीने छ र जग्गाको महत्व र उपयोग हेरी मुल्य कायम गरिनेछ ।
- नक्सामा सडकले छोएको तर सडकले छोएको भाग पाखा पखेरा भई सडक छेउमा कुनै भवन संरचना बनाउन नमिल्ने जग्गालाई सडकले नछोएकोमा गन्ती गरी कर लगाउइने ।
- सम्पत्ती कर निर्धारण प्रयोजनको लागि गाउँपालिका क्षेत्र भित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बरावरको थप जग्गा वा ५४७६ वर्गफिट (एक रोपनी) जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई

मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरीने छ । तर एक रोपनी भन्दा वढीमा भवन निर्माण भएको रहेछ भने भवनले ओगटेको क्षेत्रफल वरावरको जग्गा र थप एक रोपनी जग्गा मात्र मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरीने छ ।

**ख) घर संरचनाको न्यूनतम मूल्याङ्कन :-**

| क्र.सं. | घरको विवरण | ह्रास कट्टी दर हरेक तिन बर्षको | ह्रास कट्टी हुनेजम्मा बष | गा.पा. को दर प्रतिवर्गफिट |
|---|---|---|---|---|
| १ | ढुंगामा माटोको जोडाइ भएको, काठै काठबाट बनेको र जस्ता, झिंगटि, टायल , ढुंगाको छाना भएको घर | ३.५ | २५ | ५०० |
| २ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्टको जोडाइ भइ भित्र बाहिरसिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सी.सी. वा आर. वि. सी.) गरिएको वा जःता, टायल, झिंगटि छाना भएको घर | २.५ | ३० | ८०० |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान ( आर.सी.सी. वा आर. वि. सी.) गरिएको घर | १.५ | ७० | १००० |
| ४ | आर. सी. सी. फ्रेम स्ट्रक्चर भएको घर | ०.७५ | १०० | १३०० |
| ५ | स्टिल फ्रेम स्ट्रक्चर, फ्रावीडस, फाइवर वा यस्तै संरचना | ०.७५ | १०० | १००० |

आ.व. २०७५/०७६ देखि सम्पत्ती कर प्रणाली लागु भएकोले आ.व. २०७५/०७६ लाई आधार वर्षको रुपमा मानिन्छ । आधार वर्षमा घर संरचनाहरुको मूल्याङ्कन गर्दा आधार वर्षबाट २० वर्ष भन्दा अगाडि वनेका घर संरचनाको मूल्यमा ६०%, १५ देखि २० वर्ष भन्दा अगाडि वनेकोमा ४०%, १० देखि १५ वर्ष भन्दा अगाडि वनेकोमा ३०%, ५ देखि १० बर्ष भन्दा अगाडि वनेको घर संरचनाहरुमा १५% र ३ देखि ५ वर्ष भन्दा अगाडि वनेको घर संरचनाहरमा ५% ह्रास कट्टी गरी आधार वर्षको मूल्य कायम गरिनेछ ।

**ग) उल्लिखित बमोजिम कायम हुन आएको एकीकृत सम्पतिको मूल्यमा निम्नानुसारको दरले कर लगाइनेछ ।**

| क्र.सं. | करयोग्य एकीकृत सम्पतिको मूल्य | दर बार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख रुपैयाँ सम्म | ५०।- (पचास) | |
| २ | पाँच लाख १ रुपैयाँ देखि १० लाखसम्म | १००।- (एक सय) | |
| ३ | १० लाख १ रुपैयाँ देखि १५ लाख सम्म | २५०।- (दुई सय पचास) | |
| ४ | १५ लाख १ रुपैयाँ देखि २० लाख सम्म | ३५०।- (तीन सय पचास) | |
| ५ | २० लाख १ रुपैयाँ देखि २५ लाख सम्म | ५५०।- (पाँच सय पचास) | |
| ६ | २५ लाख १ रुपैया देखि ३० लाख सम्म | ७५०।- (सात सय पचास) | |
| ७ | ३० लाख १ रुपैयाँ देखि ४० लाख सम्म | १,२५० ।- (बाह्र सय पचास) | |
| ८ | ४० लाख १ रुपैयाँ देखि ५० लाख सम्म | २,०००।- (दुई हजार) | |
| ९ | ५० लाख १ रुपैयाँ देखि ६० लाख सम्म | २,५००।-(दुइ हजार पाँच सय ) | |
| १० | ६० लाख १ रुपैयाँ देखि ७० लाख सम्म | ३,०००।-(तीन हजार ) | |

| | | | |
|---|---|---|---|
| ११ | ७० लाख १ रुपैयाँ देखि ८० लाख सम्म | ३,५००।-(तीन हजार पाँच सय) | |
| १२ | ८० लाख १ रुपैयाँ देखि ९० लाख सम्म | ४,५००।-(चार हजार पाँच सय ) | |
| १३ | ९० लाख १ रुपैयाँ देखि १ करोड सम्म | ५,५००।-(पाँच हजार पाँच सय ) | |
| १४ | १ करोड १ देखि १ करोड ३० लाख सम्म | ६,५००।-(छ हजार पाँच सय) | |
| १५ | १ करोड ३० लाख १ रुपैयाँ देखि १ करोड ५० लाख सम्म | ७,५०० ।-(सात हजार पाँच सय) | |
| १६ | १ करोड ५० लाख १ रुपैयाँ देखि १ करोड ८० लाख सम्म | १०,५००।-(दस हजार पाँच सय) | |
| १७ | १ करोड ८० लाख १ रुपैयाँ देखि २ करोड रुपैयाँ सम्म | १२,५०० ।-(वाह्र हजार पाँच सय) | |
| १८ | २ करोड १ रुपैयाँ देखि २ कराृड ५० लाख सम्म | १५५००।-(पन्द्र हजार पाँच सय) | |
| १९ | २ करोड ५० लाख १ रुपैयाँ देखि ३ करोड सम्म | १७,५००।-(सत्र हजार पाँच सय) | |
| २० | ३ करोड १ रुपैयाँ देखि ३ करोड ५० लाख सम्म | २०,०००।-(वीस हजार ) | |
| २१ | ३ करोड ५० लाख १ रुपैयाँ देखि ४ कराड सम्म | २५,५००।-(पच्चीस हजार पाँच सय) | |
| २२ | ४ करोड १ रुपैयाँ देखि ४ करोड ५० लाख सम्म | ३०,५००।-(तीस हजार पाँच सय) | |
| २३ | ४ करोड ५० लाख १ रुपैयाँ देखि ५ करोड सम्म | ४०,५००।-(चालिस हजार पाँच सय) | |
| २४ | ५ करोड १ रुपैयाँ माथि सबैको | दुई रुपैयाँ प्रति हजार | |

## अनुसूची-२

(दफा ३ संग सम्बन्धित)

### भुमी कर (मालपोत)

गाउँपालिका क्षेत्र भित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बरावरको थप जग्गा वा ५४७६ वर्गफिट (एक रोपनी) जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरीने तथा एक रोपनी भन्दा वढीमा भवन निर्माण भएको रहेछ भने भवनले ओगटेको क्षेत्रफल वरावरको जग्गा र थप एक रोपनी जग्गा मात्र मुल्याङ्कनमा समावेश गरी सम्पत्ति कर निर्धारण गरीने भएकोले सो जग्गा बाहेक अन्य जग्गाको हकमा अनुसुची (१) बमोजिमको दररेटका आधारमा भुमिकर (मालपोत ) लगाइने र असुल उपर गरिनेछ ।

सािवकमा सम्पत्ति कर लागु हुनु भन्दा अगाडि गाउँपालिकावाट निर्णय भई कार्यान्वयनमा रहेको यो कर साविकमा तोकिए वमोजिम वक्योता वाँकी रहेकोमा निम्नानुशार अशुल उपर गरिनेछ ।

| क.सं. | भूमिको प्रकार | | करको दर |
|---|---|---|---|
| २. | भूमिकर (मालपोत) प्रतिरोपनी | अव्वल | रु १००(५ रोपनीसम्म रु १०० सो भन्दा माथि प्रतिरोपनी रु ५०) |
| | | दोयम | रु ८०(५ रोपनीसम्म रु ८० सो भन्दा माथि प्रतिरोपनी रु ३०) |
| | | सीम | रु ७०(५ रोपनीसम्म रु ७० सो भन्दा माथि प्रतिरोपनी रु ३०) |
| | | चाहार | रु ६०(५ रोपनीसम्म रु ६० सो भन्दा माथि प्रतिरोपनी रु २०) |
| | | पाँचौ | रु ५०(५ रोपनीसम्म रु ५० सो भन्दा माथि प्रतिरोपनी रु १०) |

## अनुसूची -३

(दफा ४ संग सम्बन्धित)

### घर जग्गा बहाल कर

**क) बहाल कर**

| सि. नं. | विवरण | आ.व. २०८१।०८२ को स्वीकृत दर | २०८२।०८३ को प्रस्तावीत दर |
|---|---|---|---|
| १ | व्यक्तिगत वहाल आयमा घर वहाल रकमको | १०% | १०% |
| २ | सरकारी सार्वजनीक एवं अन्य संघ संस्थाले लिएको भाडामा | १०% | १०% |

# अनुसूची -४
(दफा ५ संग सम्बन्धित)
## व्यवसाय कर

### क) व्यवसाय कर

| सि.नं | व्यवशायको नाम तथा किसिम | आ.व.०८१।०८२ को स्वीकृतदर | आ.व.०८२।०८३ को प्रस्ताव दर | प्रस्तावीत नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | **व्यापारीक वस्तु** | | | | |
| १.१ | - डिष्ट्रिव्युटर सबै प्रकारका | | | | |
| | - डिलर सिप सबै प्रकारका (५० लाख देखि माथी ) | ५,००० | ५,००० | २,५०० | |
| | - डिलर सिप सबै प्रकारका (५० लाख सम्म) | २,५०० | २,५०० | १,२५० | |
| | - ज्वेलरी (गहना पसल) उच्च(४० लाख देखि माथी) | २,५०० | २,५०० | १,२५० | |
| | - ज्वेलरी (गहना पसल) मध्यम (२० लाख देखि ४० सम्म) | २,००० | २,००० | १,००० | |
| | - ज्वेलरी (गहना पसल) साना (२० लाख सम्म) | १,५०० | १,५०० | ७५० | |
| | -प्रोभिजनल स्टोर्स (ठूलो) (२० लाख देखि ५० लाख सम्म ) | २,००० | २,००० | १००० | |
| | - प्रोभिजनल स्टोर्स (सानो)(२० लाख सम्म) | १,५०० | १,५०० | ७५० | |
| | - डिपार्टमेन्टल स्टोर्स (ठूलो) (५० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| १.२ | **- निर्माण सामग्री** | | | | |
| | - कम्प्युटर सामग्री (२० लाख सम्म) | २,५०० | २,५०० | १,२५० | |
| | -विजुली पसल (१० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - विद्युतीय सामाग्री (१० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - रेडियो टेलिफोन (१० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | -फर्निसिड. र फिनिसिङ्ग(२० लाख सम्म) | २,५०० | २,५०० | १,२५० | |
| | -पेट्रोल पम्प(७५ लाख सम्म) | ५,००० | ५,००० | २,५०० | |
| | -पेट्रोलियम पदार्थ विक्रेता(२० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - हार्ड वयर पसल (ठूलो)(५० लाख देखि १ करोड सम्म) | ३,५०० | ३,५०० | १,७५० | |
| | - हार्ड वयर पसल (सानो)(५० लाख सम्म ) | २,५०० | २,५०० | १,२५० | |
| | - हार्ड वयर पसल मिश्रित (ठूलो)(५० लाख देखि १ करोड सम्म ) | ४,००० | ४,००० | २,००० | |
| | - हार्ड वयर पसल मिश्रित -सानो)(५० लाख सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - रंग, रोगन तथा सिसा पसल (ठूलो) (४० लाख सम्म) | २,५०० | २,५०० | १,२५० | |
| | - रंग, रोगन तथा सिसा पसल (सानो)(२० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - कम्पयुटर, बिजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (ठूलो)(५० लाख सम्म ) | २,५०० | २,५०० | १,२५० | |
| | - फोटोकपी कम्प्यूटर विक्री तथा मर्मत (२० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - कम्पयुटर, बिजुलीका सामान,क्यामेरा, रेडियो,टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (सानो)(२० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - अन्य इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स मर्मत(२० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| १.३ | **- दैनिक उपभोग्य सामान** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - दैनिक उपभोग्य सामानको थोक विक्रेता (५० लाख देखि १ करोड सम्म ) | ५,००० | ५,००० | २,५०० | |
| | - किराना पसल (ठूलो) (५० लाख देखिमाथि ) | ३,००० | ३,००० | १,५०० | |
| | - किराना पसल (मध्यम) (२० देखि ५० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - किराना पसल (सानो)(२० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - किराना पसल मिश्रित(३० देखि ५० लाख सम्म) | २,५०० | २,५०० | १,२५० | |
| | - किराना पसल मिश्रित (३० लाख सम्म )<br>(फेन्सि, स्टेशनरी, तरकारी, कस्मेटिक) | १,५०० | १,५०० | ७५० | |
| | - फलफुल तथा तरकारी पसल (ठुलो)(१० लाख सम्म) | १,५०० | १,५०० | ७५० | |
| | - फलफुल तथा तरकारी पसल सानो (. ५ लाख सम्म | १,००० | १,००० | ५०० | |
| | - कपडातथा सिलाइ बुनाई तालिम केन्द्र (५० लाख सम्म ) | २५०० | २,५०० | १,२५० | |
| | - कपडा तथा सिलाइ पसल (३० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - कपडा तथा सिलाइ पसल (१० लाख सम्म ) | १००० | १००० | ५०० | |
| १.४ | **- सवारी साधन विक्रेता** | | | | |
| | - साईकल (४० लाख सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - मोटर साईकल (७५ लाख सम्म ) | ५,००० | ५,००० | २,५०० | |
| | - ट्र्याक्टर ठुलो (१ करोड सम्म ) | ७,००० | ७,००० | ३,५०० | |
| | - ट्र्याक्टर पावर ट्रेलर (१ करोड २० लाख सम्म ) | ८,००० | ८,००० | ४,००० | |
| | - चारपांग्रे हलुका सवारीहरु (१ कराड सम्म ) | ६,००० | ६,००० | ३,००० | |
| | - वस तथा ट्रक (१ करोड ५० लाख सम्म ) | १०,००० | १०,००० | ५,००० | |
| २ | **- विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | | | | |
| | - चिकित्सक | १,५०० | १,५०० | ७५० | |
| | - दन्त चिकित्सक रिसर्च | २,००० | २,००० | १,००० | |
| | - पशु चिकित्सक | १,५०० | १,५०० | ७५० | |
| | - कविराज | १,००० | १,००० | ५०० | |
| | - ईञ्जिनियर | १,५०० | १,५०० | ७५० | |
| | - कानुन व्यवसायि | १,००० | १,००० | ५०० | |
| | लेखापरिक्षक | | | | |
| | - क वर्ग | २,००० | २,००० | १,००० | |
| | - ख वर्ग | १,५०० | १,५०० | ७५० | |
| | - ग वर्ग | १,२०० | १,२०० | ६०० | |
| | - घ वर्ग | १,००० | १,००० | ५०० | |
| | - विमा एजेण्ट | २,००० | २,००० | १,००० | |
| | - सर्भेयर | १,५०० | १,५०० | ७५० | |
| | - अनुवादक | १,००० | १,००० | ५०० | |
| | - नोटरी पव्लीक सेवा | १,५०० | १,५०० | ७५० | |
| | - अनुसन्धान कर्ता तथा परामर्शदाता | १,५०० | १,५०० | ७५० | |
| | - कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १,५०० | १,५०० | ७५० | |
| | - शेयर दलाल | १,५०० | १,५०० | ७५० | |
| | - ढुवानी सेवा | ३,००० | ३,००० | १,५०० | |
| | - संस्थागत पेण्टर | १,५०० | १,५०० | ७५० | |
| ३ | **निर्माण व्यवशाय** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **गाउँपालिकामा दर्ता निर्माण व्यवसायी** | | | | |
| | - क वर्ग | २५,000 | २५,000 | १२,000 | |
| | - ख वर्ग | २0,000 | २0,000 | ९,000 | |
| | - ग वर्ग | १५,000 | १५,000 | ६,000 | |
| | - घ वर्ग | १0,000 | १0,000 | ५,000 | |
| ४ | **उत्पादन मुलक उद्योग** | | | | |
| | - चाउचाउ उद्योग ठूलो | ३,000 | ३,000 | १,५00 | |
| | - चाउचाउ उद्योग घरेलु | १,५00 | १,५00 | ७५0 | |
| | - मैनवत्ति उद्योग घरेलु | १,000 | १,000 | ५00 | |
| | - कापी उद्योग घरेलु | १,000 | १,000 | ५00 | |
| | - रिफाइनरि कपास उद्योग | १,५00 | १,५00 | ७५0 | |
| ५ | **उर्जामुलक उद्योग** | | | | |
| | - हाईड्रो पावर प्रा.लि. | २0,000 | २0,000 | १0,000 | |
| | - लघु जलविधुत | ५,000 | ५,000 | २,५00 | |
| | - मेघा हाईड्रो पावर | ५0,000 | ५0,000 | २५,000 | |
| ६ | **कृषि तथा पशु जन्य उद्योग** | | | | |
| | - कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १,८00 | १,८00 | ९00 | |
| | - कुटानी पिसानी मिल | १,५00 | १,५00 | ७५0 | |
| | - फर्निचर उद्योग ( ५० लाख सम्म ) | ५,000 | ५,000 | २,५00 | |
| | - पशु दाना उद्योग | १५00 | १५00 | ७५0 | |
| | - पोल्ट्री फर्म (२० लाख सम्म) | १,५00 | १,५00 | ७५0 | |
| | -तरकारी फर्म (५ लाख सम्म) | १000 | १000 | ५00 | |
| | -तरकारी फर्म (१० लाख सम्म ) | १५00 | १५00 | ७५0 | |
| | -स्याऊ/ओखर/अन्य फलफुल (२० लाख सम्म) | २000 | २000 | १000 | |
| | -स्याऊ/ओखर/अन्य फलफुल (५० लाख सम्म) | ५,000 | ५,000 | २,५00 | |
| | - एकिकृत कृषि फर्म (५० लाख सम्म) | ८000 | ८000 | ४000 | |
| | - एग्रो टुरीजम ( १ करोड सम्म ) | १0,000 | १0,000 | ५000 | |
| | - बंगुर पालन( १० लाख सम्म ) | १,२00 | १,२00 | ६00 | |
| | - बंगुर पालन(२० लाख सम्म ) | १५00 | १५00 | ७५0 | |
| | - चौरी पालन व्यवशाय( ३० लाख सम्म ) | ७,000 | ७,000 | ३,५00 | |
| | - चौरी पालन व्यवशाय( १ करोड सम्म ) | १0,000 | १0,000 | ५000 | |
| | - गाई पालन व्यवशाय(१५ लाख सम्म ) | ५,000 | ५,000 | २,५00 | |
| | - च्याङग्रा,भेडा वाख्रा पालन व्यवशाय( २० लाख सम्म ) | ५000 | ५000 | २,५00 | |
| | - एकिकृत पशुपंछी (३० लाख सम्म ) | ६000 | ६000 | ३000 | |
| | - एकिकृत पशुपंछी ( ५० लाख सम्म ) | ८000 | ८000 | ४000 | |
| | एकिकृत कृषि तथा पशुपंछी व्यवसाय ( ५० लाखसम्म ) | १0000 | १0000 | ५000 | |
| | -एकिकृत कृषि तथा पशुपंछी व्यवसाय ( ५० लाखदेखि १ करोड सम्म ) | १२000 | १२000 | ६000 | |
| | - स-मिल (१० लाख सम्म) | १५00 | १५00 | ७५0 | |
| ७ | **खनिज उद्योग** | २,000 | २,000 | १,000 | |
| ८ | **पर्यटन उद्योग** | | | | |
| | - होटेल एकतारे | ५0,000 | ५0,000 | ३0,000 | |
| | - प्रत्येक तारामा थप | १0,000 | १0,000 | ५,000 | |
| | - होटेल उच्च ( ५ करोड देखि माथि ) | ३0,000 | ३0,000 | १५,000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - होटेल उच्च ( १ करोड देखि ५ करोड सम्म ) | २०,००० | २०,००० | १०,००० | |
| | - होटेल उच्च ( ५० लाख देखि १ करोड सम्म ) | ५,००० | ५,००० | ३,००० | |
| | - होटेल मध्यम (२० लाख देखि ५० सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - होटेल सानो (२० लाख सम्म ) | २,००० | २,००० | १,२५० | |
| | - चिया खाजा तथा खाना पसल (१० लाख सम्म ) | १,००० | १,२५० | १००० | |
| | - रेष्टुरेष्ट एण्ड वार (२० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - लज भै डिष्ट्रीलरी सामान बेच्ने(३० लाख सम्म ) | ४,००० | ४,००० | ३,००० | |
| | - गजल रेष्टुरेण्ट (दोहोरीसांझ समेत) (५० लाख सम्म ) | ५,००० | ५,००० | ३,००० | |
| ९ | **सेवा उद्योग** | | | | |
| | - अफसेट प्रेस | ४,००० | ४,००० | २,००० | |
| | - एफ. एम. रेडियो | ३,००० | ३,००० | १५०० | |
| | - टेलिभिजन | ४,००० | ४,००० | २,००० | |
| १० | **- परामर्श सेवा** | | | | |
| | - सामुदायिक | १,५०० | १,५०० | १,००० | |
| | - चलचित्र भिडियो | ४,००० | ४,००० | ५०० | |
| | -सार्वजनिक परिवहन सेवा नगरपालिका भित्र प्रधान कार्यालय भएको | २,००० | २,००० | १,००० | |
| | - सा. परिवहन सेवा नगरपालिका भित्र शाखा का. भएको | १,५०० | १,५०० | ७५० | |
| | - फोटोग्राफी | १,००० | १,००० | ५०० | |
| | - प्रयोग शाला | १,००० | १,००० | ५०० | |
| ११ | **निर्माण उद्योग** | | | | |
| | - सिमेन्ट ब्लक उद्योग | ४,००० | ४,००० | १,००० | |
| | - मेटल / ग्रिल उद्योग | ५,००० | ५,००० | १,००० | |
| | - ढुङगा कटिङ उद्योग | ४,००० | ४,००० | १,००० | |
| | - अन्य उद्योग | ३,००० | ३,००० | १,००० | |
| १२ | **संचार सेवा** | | | | |
| | - निजी क्षेत्रको हुलाक सेवा | १,५०० | १,५०० | ७५० | |
| | - मोवाईल सेवा तथा मर्मत केन्द्र | १,५०० | १,५०० | ७५० | |
| | - निजी टेलिफोन तथा फ्याक्ससेवा | १,००० | १,००० | ५०० | |
| | - फ्याक्स फोटोकपी तथा प्रिण्टर सेवा | १,००० | १,००० | ५०० | |
| | - एस.टि.डी, आइ. एस.टि.डी, इमेल | १,२०० | १,२०० | ६०० | |
| | - फोन इन्क्वायरी (Inquiry) | १,००० | १,००० | १,००० | |
| | - कुरियर सेवा | १,००० | १,००० | ५०० | |
| | - साईवर सेवा | १,२०० | १,२०० | ६०० | |
| | - Screen Print छपाई तथा प्रकाशन | १,५०० | १,५०० | ५०० | |
| १३ | **वित्तिय सेवा** | | | | |
| | -नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने बैंक | २०,००० | २०,००० | ६,००० | |
| | - आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ४,५०० | ४,५०० | २,२५० | |
| | - वित्तिय कम्पनीको शाखा कार्यालय | ५,००० | ५,००० | ३,५०० | |
| | - विमा कम्पनी | १०,००० | १०,००० | ४,००० | |
| | - विदेशी मुद्रा सटही | २,५०० | २,५०० | १२५० | |
| | - मनी ट्रान्सफर | २,५०० | २,५०० | १२५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - धितो पत्र कारोवार | २,००० | २,००० | १,००० | |
| | - सहकारी बैंक | १०,००० | १०,००० | ३,००० | |
| | - निजि क्षेत्रका वाणिज्य बैंकहरु | ३०,००० | ३०,००० | ९,००० | |
| | - निजि क्षेत्र समेतको स्वामित्वमा रहेका वैकका शाखा कार्यालयहरु | २०,००० | २०,००० | ६,००० | |
| | - विमा कम्पनिका शाखा वा सम्पर्क कार्यालयहरु | ८,००० | ८,००० | ३,००० | |
| | -विकास बैंक | १५,००० | १५,००० | ६,००० | |
| **१३** | **स्वास्थ्य सेवा** | | | | |
| **१३.१** | - गैह्र सरकारी अस्पताल | २,५०० | २,५०० | १,२५० | |
| | - सामुदायिक अस्पताल | २,००० | २,००० | १,००० | |
| | - नीजिस्तरका अस्पताल तथा रिसर्च प्रा.लि. | ३,००० | ३,००० | १,५०० | |
| **१३.२** | - नर्सिङ होम | ३,००० | ३,००० | १,५०० | |
| **१३.३** | - ल्याव तथा क्लिनिक | १,५०० | १,५०० | ७५० | |
| | - होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १,५०० | १,५०० | ७५० | |
| | - औषधी पसल थोक (जनस्वास्थ्य) (२० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - औषधी पसल खुद्रा ,,(१० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - औषधी पसल (आर्युवेदिक) (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - औषधी पसल पशु स्वास्थ्य (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - पशु पंक्षी दाना पसल | १,५०० | १,५०० | ७५० | |
| | - जडी बुटी पसल | १,५०० | १,५०० | ७५० | |
| **१४** | **शिक्षा सेवा** | ७०० | ७०० | ३५० | |
| **१४.१** | - नीजि क्षेत्रका स्कुल क्याम्पस, विश्व विद्यालय | | | | |
| | - नीजि क्षेत्रका क्याम्पस र १०+२ | ४,००० | ४,००० | २,००० | |
| | - नीजि क्षेत्रका मा.वि. स्कुल | ३,००० | ३,००० | १,५०० | |
| | - नीजि क्षेत्रका नि.मा.वि. स्कुल | २,००० | २,००० | १,००० | |
| | - नीजि क्षेत्रका प्रा.वि. स्कुल | १,५०० | १,५०० | ७५० | |
| | - नीजि क्षेत्रका पुर्व प्रा.वि स्कूल | १,००० | १,००० | ५०० | |
| | - निजि क्षेत्रका होस्टेलहरु | १,००० | १,००० | ५०० | |
| **१४.२** | - तालिम तथा अनुसन्धान केन्द्र, | २,००० | २,००० | १,००० | |
| | - प्राविधिक शिक्षालय | ३,००० | ३,००० | १,५०० | |
| **१४.३** | - टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | | | | |
| | - टाइपिङ | १,५०० | १,५०० | ७५० | |
| | - कम्प्युटर | १,६०० | १,६०० | ८०० | |
| | - ट्युशन तथा कोचिङ सेन्टर | १,५०० | १,५०० | ७५० | |
| | - भाषा प्रशिक्षण केन्द्र | २,००० | २,००० | १,००० | |
| **१५** | **मर्मत संभार केन्द्र** | | | | |
| | - हेभी इक्युवमेन्ट मर्मत केन्द्र | ५,००० | ५,००० | २५०० | |
| | - बस, ट्रक, कार | ४,५०० | ४,५०० | २,२५० | |
| | - मोटर साइकल | ३,००० | ३,००० | १,५०० | |
| | - साइकल तथा अन्य | २,००० | २,००० | १,००० | |
| | **- रेडीयो, टेलिभिजन, घडी, प्रेसर कुकर, टेलिफोन सेट, हिटर, र विद्युतिय सामान** | | | | |
| | - रेडियो,घडी तथा टि.भी. मर्मत केन्द्र (२० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - घडी मर्मत | १,००० | १,००० | ५०० | |
| | - प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत | १,५०० | १,५०० | ७५० | |
| १६ | **अन्य सेवा** | | | | |
| | - विज्ञापन एजेन्सी | २,००० | २,००० | १,००० | |
| | - बैदेशिक रोजगार सेवा | २,५०० | २,५०० | १२५० | |
| | - स्वदेशी रोजगार सेवा | १,५०० | १,५०० | ७५० | |
| | - सेक्रेटरीयल सेवा | १,५०० | १,५०० | ७५० | |
| | - हाउजिङ कम्पनी तथा घर जग्गा खरिद विक्री (रियलस्टेट) | ५,००० | ५,००० | २,५०० | |
| | - ब्युटी पार्लर, केश श्रृगार (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - ब्युटी पार्लर, केश श्रृगार (१० लाख देखि २० लाख सम्म) | २,००० | २,००० | १,००० | |
| | - काठ तथा स्टिल फर्निचर पसल (२० लाख सम्म) | ३,००० | ३,००० | १,५०० | |
| | - काठ तथा स्टिल फर्निचर पसल (२० देखि ५० लाख सम्म) | ५,००० | ५,००० | २,५०० | |
| | भाँडा कुँडा विक्रेता | | | | |
| | - भांडा पसल ठूलो (१० लाख देखि २० लाख सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - भाडा पसल साना(१० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - ड्राइ क्लिनर्स | १,००० | १,००० | ५०० | |
| | - फोटो स्टुडीयो (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - साइनवोर्ड पेन्टीङ सेवा (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - पशु वधशाला/बधस्थल | २,००० | २,००० | १,००० | |
| | माशु विक्रेता | | | | |
| | - माशु पसल मिश्रित (१० लाख देखि २० लाख सम्म) | ५,००० | ५,००० | २,५०० | |
| | - माशुपसल मिश्रित (१० लाख सम्म) | ३,००० | ३,००० | १,५०० | |
| | - पुल हाउस (इस्नुकर) (१० लाख सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - पुल हाउस (इस्नुकर) (१० देखि २० लाख सम्म ) | ५,००० | ५,००० | २,५०० | |
| | - कृषि फलफुल तथा वन नर्सरी व्यवसाय/फुल विक्रेत (५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - कृषि फलफुल तथा वन नर्सरी व्यवसाय/फुल विक्रेत (५ देखि १० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - खेलौना तथा उपहार सामग्री पसल (५ लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - केबल, नेटवर्किङ्ग (२० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - नीजि क्षेत्रका केबल, नेटवर्किङ्ग (५ लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - नीजि क्षेत्रका मोबाइल वितरक कम्पनी (५ देखि १० लाख सम्म ) | ५,००० | ५,००० | २,५०० | |
| | - नीजि क्षेत्रका मोबाइल वितरक कम्पनी (५ लाख सम्म ) | २,५०० | २,५०० | १,२५० | |
| १७ | **अन्य व्यवसाय** | | | | |
| | - पार्क पिकनिक स्पट | १,००० | १,००० | ५०० | |
| | - क्यासिनो | ६०,००० | ६०,००० | ३०,००० | |
| | - टुर अपरेटर(५ देखि १० लाख सम्म ) | ६,००० | ६००० | ३,००० | |
| | - टुर अपरेटर(५ लाख सम्म ) | ३,५०० | ३,५०० | १,७५० | |
| | - मसाज पार्लर | २,००० | २,००० | १,००० | |
| १९ | **माथिको वर्गीकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोवारहरु** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - सिलाई तथा बुनाई प्रशिक्षण केन्द्र ( १० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - सिलाई केन्द्र ५ भन्दा बढी मेसिन (टेलर्स)(१० लाख देखि २० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - फेन्सी ठूलो (१० लाख देखि २० लाख सम्म ) | ३,००० | ३,००० | १,५०० | |
| | - फेन्सी सानो (१० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - फेन्सी मिश्रित(१५ लाख देखि ३० लाख सम्म ) | ३५०० | ३,५०० | १,७५० | |
| | - फेन्सी मिश्रित(१५ लाख सम्म ) (कस्मेटिक, विजुलिको सामान, थानको कपडा) | २,५०० | २,५०० | १,२५० | |
| | - टेलर्स (कपडा सहितको) | २,००० | २,००० | १,००० | |
| | - चावी निर्माण | १,५०० | १,५०० | ७५० | |
| | - कवाडी संकलन (२० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - चना चटपट ठेला | ५०० | ५०० | २५० | |
| | - छालाजुत्ता पसल(१० लाख सम्म ) | २००० | २,००० | १००० | |
| | - छाला जुत्ता पसल (५ लाख सम्म ) | १००० | १००० | ५०० | |
| | - चुरा पसल (५ लाख सम्म ) | ५०० | ५०० | २५० | |
| | - चुरा पसल (१० लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - चस्मा पसल | १,००० | १,००० | ५०० | |
| | - मेशीनरी पार्ट पुर्जा पसल | २,००० | २,००० | १,००० | |
| | - हजाम पसल (५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - ड्राइभिङ इन्स्टीच्युट | २,००० | २,००० | १,००० | |
| | - पान पसल | ६०० | ६०० | ३०० | |
| | - पुजा सामाग्री पसल | ६०० | ६०० | ३०० | |
| | - डिजिटल कलर ल्याब | ३,५०० | ३,५०० | १७५० | |
| | - डिजिटल कलर ल्याब मिडियम | २,५०० | २,५०० | १७५० | |
| | -फेल्क्स, प्रिन्टर सेवा | २,००० | २,००० | १,००० | |
| | - कलर ल्याब | २,००० | २,००० | १,००० | |
| | - अडियो तथा भिडीयो क्यासेट सेण्टर | १,५०० | १,५०० | ७५० | |
| | - दुग्धडेरी, सहकारी संघ | १,५०० | १,५०० | ७५० | |
| | - दुग्धडेरी | १,००० | १,००० | ५०० | |
| | -दुग्ध चिस्यान केन्द्र | १,५०० | १,५०० | ७५० | |
| | - स्यानीटरी सामानको पसल | १,५०० | १,५०० | ७५० | |
| | - प्लाष्टीक मेच कुर्ची तथा अन्य सामाग्री पसल | १,५०० | १,५०० | ७५० | |
| | - ग्यांस सिलिण्डर विक्रेता | १,००० | १,००० | ५०० | |
| | - कोल्र्ड ड्रिङस् पसल | १,००० | १,००० | ५०० | |
| | - उन पसल | १,००० | १,००० | ५०० | |
| | - होजियारी उद्योग उच्च | १,२०० | १,२०० | ६०० | |
| | - होजियारी उद्योग मध्येम | १,००० | १,००० | ५०० | |
| | - होजियारी उद्योग साधारण | १,००० | १,००० | ५०० | |
| | - कस्टमेटीक पसल ( १० देखि २० लाख सम्म ) | १,४०० | १,४०० | ६०० | |
| | - कस्टमेटीक पसल ( ५ देखि १० लाख सम्म ) | १,२०० | १,२०० | ६०० | |
| | - कस्टमेटीक पसल (५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - स्टेशनरी होलसेल ( २० देखि ६० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - स्टेशनरी ठूलो ( १० देखि २० लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - स्टेशनरी सानो( १० लाख सम्म ) | १,२०० | १,२०० | ६०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - पत्र पत्रिका पसल (५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - चिया पसल(५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - मिठाई तथा मिष्ठान भण्डार(५ लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | -रेष्टुरां(५ लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - भोजनालय राम्रो(१० लाख सम्म ) | २,००० | २,००० | १,००० | |
| | - भोजनालय साधारण(५ लाख सम्म ) | १,५०० | १,५०० | ७५० | |
| | - पाउरोटी दालमोट, मसला, मैन बत्ति जस्ता घरेलु उद्योग (५ लाख सम्म ) | १,००० | १,००० | ५०० | |
| | - कन्सल्टेन्सी एवं परामर्श सेवा | १,२०० | १,२०० | ६०० | |
| | - मेन पावर क. शाखा कार्यालय | २,५०० | २,५०० | १,२५० | |
| | - कृषि बिउ बिजन भण्डार | १,००० | १,००० | ५०० | |
| | - एफ. एम. रेडियो प्रसारण | २,५०० | २,५०० | १,२५० | |
| | - एफ.एम. रेडियो (सामुदायिक) | २,००० | २,००० | १,००० | |
| | - ट्रान्सपोर्ट सेवा | १,००० | १,००० | ५०० | |
| | - ठेका भाडा | ८०० | ८०० | ४०० | |
| | - माटाका भाडा | ६०० | ६०० | ३०० | |
| | - मादल | ६०० | ६०० | ३०० | |
| | - डाला नाङला पसल | ८०० | ८०० | ४०० | |
| | - दाना तथा आलु प्याज थोक विक्रि पसल | १,००० | १,००० | ५०० | |
| | - सोलार पावर सप्लायर | १,५०० | १,५०० | ७५० | |
| | - चस्मा मर्मत तथा विक्रि केन्द्र | १,००० | १,००० | ५०० | |
| | - मदिराजन्य पसल | १,५०० | १,५०० | ७५० | |
| | - पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ९०० | ९०० | ४५० | |
| | - जडिवुटि पसल | ८०० | ८०० | ४०० | |
| | -पाँच वा सोभन्दा वढि व्यवशाय रहेको प्रा.लि. | ८,००० | ८,००० | ४,००० | |
| | -अन्य विभिन्न प्रकारका प्रा.लि. | ३,००० | ३,००० | १,५०० | |
| | -दुईदेखि ४ वटा व्यवशाय रहेको प्रा.लि. | ४,००० | ४,००० | २,००० | |
| | -फ्याक्स तथा प्रिण्टर सेवा | १,२०० | १,२०० | ६०० | |
| | -प्लाष्टिक मेच कुर्चि पसल | १,२०० | १,२०० | ६०० | |
| | - प्लाष्टिक अन्य पसल | १,२०० | १,२०० | ६०० | |
| | - चाउमिन उद्योग | १,२०० | १,२०० | ६०० | |
| | - मिनरल वाटर उद्योग (२० लाख सम्म ) | ५,००० | ५,००० | २,५०० | |
| | - मिनरल वाटर उद्योग (२० लाख देखी १ करोड सम्म ) | १०००० | १०००० | ५००० | |
| | - मिनरल वाटर उद्योग (१ करोड देखी ३ करोड सम्म ) | २०००० | २०००० | १०००० | |
| | - मिनरल वाटर उद्योग (३ करोड देखी माथि ) | ३०००० | ३०००० | १५००० | |
| | - मिनरल वाटर होलसेल पसल | २,००० | २,००० | १,००० | |
| | - पाटी प्यालेस | ५,००० | ५,००० | २,५०० | |
| | - आल्मुनियम उद्योग | ४,००० | ४,००० | २,००० | |
| | - अन्य पसल | १,००० | १,००० | ५०० | |
| २० | **जडिवुटी व्यवसाय** | | | | |
| | जडिवुटी खेती (५० लाख सम्म ) | १०००० | १०,००० | ५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जडिवुटी नर्सरी (२० लाख सम्म ) | ७००० | ७,००० | ३,५०० | |
| २१ | **संघ सस्था दर्ता** | | | | |
| | उपभोक्ता समिति | १००० | १,००० | ५०० | |
| | गैर सरकारी संस्था | २००० | २,००० | १,००० | |
| | गुम्बा तथा मठ मन्दिर | ५००० | ५,००० | २,५०० | |
| | आमा समुह लगायत, टोल विकास संस्था र वाल क्लब | ५०० | ५०० | २५० | |

**पुनश्चः** उपर्युक्त अनुसारको संशोधित व्यवस्था आ.व. ०८२/०८३ देखि लागु हुनेछ र माथि उल्लेखित विभिन्न व्यवसायहरुको गाउँपालिकमा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु १५०।- थप लाग्नेछ ।

ख) पटके व्यवसाय कर तथा भाडा

यस क्षेत्र भित्र विक्री वितरणको लागि ल्याउने र घुम्ति पसल राख्ने देहायका व्यवसायका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने ।

१)याक, राँगा प्रति गोटा प्रति पटक रु.१०० ।-

२) खसी, बोका भेडा च्याङग्रा प्रति गोटा प्रति पटक रु ५०।-

३) हांस कुखुरा (चल्ला बाहेक) प्रति गोटा प्रति पटक रु १०।-

४) घुम्ति व्यवसाय गाडीमा प्रति गाडी ३०० ।- प्रति दिन

५) घुम्ति व्यवसाय (अन्य) २०।- प्रति दिन

६) कवाडी निकासी कर प्रति केजी रु १ ।- (सिसा बाहेक सवै प्रकारका कवाडी)

७) सीसा जन्य कवाडी निकासी कर प्रति केजी रु ००।१०

८) हल भाडा-गा.पा. तालिम हल रु ३०००।०० र नमस्ते गेट सभाहल रु ५०००।०० प्रति दिन/प्रति कार्यक्रम

## अनुसूची -५

(दफा ६ संग सम्बन्धित)

## जडिवुटी, जीवजन्तु कर

| सि.नं. | जडीवुटीको नाम | मरिमाण | २०८१।०८२ का करका स्वीकृत दर | आ.व. २०८२।२०८३ को प्रस्तावीत दर | कैफियत |
|---|---|---|---|---|---|
| १) | यार्चागुम्बा | प्रति गोटा | रु. २।- | रु. २।- | |
| २) | यार्चागुम्बा | प्रति के.जि | रु. १०,०००।- | रु. १०,०००।- | |
| ३) | भेडा बाखा ईत्यादि | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| ४) | राडीपाखी | प्रति गोटा | रु. १०।- | रु. १०।- | |
| ५) | चौरीको पुच्छर | प्रति के.जि | रु. १०।- | रु. १०।- | |
| ६) | सुगन्धवाल | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| ७) | लोठसल्ला | प्रति के.जि | रु. २।- | रु. २।- | |
| ८) | जटामसी | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| ९) | निरमसी | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| १०) | सिलाजित | प्रति के.जि | रु. १०।- | रु. १०।- | |
| ११) | चिराइतो | प्रति के.जि | रु.२।- | रु.२।- | |
| १२) | धुपी | प्रति के.जि | रु. १।- | रु. १।- | |
| १३) | बन लसुन | प्रति के.जि | रु. १५०।- | रु. १५०।- | |
| १४) | सतुवा | प्रति के.जि | रु. ५०।- | रु. ५०।- | |
| १५) | जिम्बु | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| १६) | टिम्बुर | प्रति के.जि | रु. ५।- | रु. ५।- | |
| १७) | गुच्छे च्याउ | प्रति के.जि | रु. ५००।- | रु. ५००।- | |
| १८) | अन्य च्याउ | प्रति के.जि | रु १०।- | रु १०।- | |

## अनुसूची -६

(दफा ७ संग सम्बन्धित)

## सवारी साधन कर

| सि.नं. | सवारी साधन किसिम | २०८१।०८२ का करका स्वीकृत दर | आ.व. २०८२।०८३ को प्रस्तावीत दर |
|---|---|---|---|
| १ | - बस ट्रक लहरी र अन्य हेभी गाडी | १,२०० | १,२०० |
| २ | - भाडाका कार जीप भ्यान र ट्याक्टर | ३५० | ३५० |
| ३ | - भाडाका टेम्पो पावर टेलर | २५० | २५० |
| ४ | - भाडाका मिनीबस , मिनीट्रक | ८०० | ८०० |
| ५ | - नीजि, कार तथा टेम्पो, मिनी बस, ट्रक | २५० | २५० |
| ६ | - स्कुटर, मोटरसाइकल तथा अन्य सवारी | १२० | १२० |
| ७ | - ठेला गाडा तथा रिक्सा | २५ | २५ |
| ८ | - दर्ता तथा संचालन इजाजत दस्तुर ग गा.पा.मा ठेला रेक्सा टांगा दर्ता गरी नम्बर दिए वापत | ५० | ५० |

क) पालिका भित्र संचालन हुने विभिन्न किसिमका सवारी साधनको दर्ता/नविकरण दस्तुर देहाय बमोजिम हुनेछ ।

| सि.नं. | सवारी साधनको किसिम | आ.व. २०८१।०८२ का स्वीकृत दर | आ.व.२०८२।०८३ को प्रस्तावित दर |
|---|---|---|---|
| १. | रिक्सा | | ५०० |
| २. | ई रिक्सा | | १००० |
| ३. | अटो रिक्सा (३ पाङ्ग्रे) | | २००० |
| ४. | टयाम्पू (३ पाङ्ग्रे) | | ३००० |
| ५. | म्याजिक टयाम्पू (चार पाङ्ग्रे) | | ५००० |
| ६. | टयाक्सी | | ६००० |
| ७. | यातयात व्यवसायी समिति | | ७००० |

अनुसूची-७

## विज्ञापन कर

**क) विज्ञापन कर**

विज्ञापन कर प्रदेश सरकारको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ ।

अनुसूची-८

## मनोरञ्जन कर

मनोरन्जन कर प्रदेश सरकारको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ ।

अनुसूची-९

## वहाल विटौरी शुल्क

| **क.सं.** | **वहाल विटौरीको प्रकार** | **शुल्क दर(मासिक)** |
|---|---|---|
| १. | जग्गा | रु २०००।०० प्रतिरोपनी |
| २. | घर छाप्रो | रु ५००।०० प्रतिघर |
| ३. | सरकारी भवन/कोठा - व्यापारी प्रयोजन | रु १५।०० प्रति बर्गफिट |
| ४. | सरकारी भवन/कोठा - आवासिय प्रयोजन | रु १०।०० प्रति बर्गफिट |

## अनुसूची -१०

(दफा ११संग सम्बन्धित)

### पार्किङ शुल्क

क) **पटके सवारी पार्किङ्ग**

१) नीजि तथा भाडाका ट्रक, बस प्रतिदिन प्रति पटक रु २५।-
२). नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक रु २५।-
३) नीजि तथा भाडाका ट्याक्टर ट्याम्पो जिप, ट्याक्सी आदीको प्रति पटक रु २०।-
४) मोटरसाईकल, स्कुटर जस्ता सवारी साधन प्रति पटक रु १०।-

यस गाउँपालिकाको क्षेत्र भित्रबाट वेसीशहर एवं अन्य क्षेत्रमा नियमित रुपमा संचालन हुने उल्लेखित सवारी साधनहरुलाई गाउँकार्यपालिकाले निर्णय गरी वार्षिक एकमुष्ट सवारी पार्कीङ्ग शुल्क लिन सक्नेछ ।

## अनुसूची-११

(दफा १२ संग सम्बन्धित)

### साहसिक खेल व्यवसाय शुल्क

| क्र.सं. | साहसिक खेल व्यवसायको प्रकार | शुल्क दर |
|---|---|---|
| १. | र्‍याफ्टीङ, कायकिङ | रु १००० प्रति पटक |
| २ | ट्रेकिङ | रु १००० प्रति पटक |
| ३ | रक क्लाइविङ | रु २००० प्रति पटक |
| ४ | जीप फ्लायर | रु २००० प्रति पटक |

## अनुसूची-१२

### सेवा शुल्क दस्तुर

**क) सिफारिस दस्तुर** (प्रति सिफारीस)

| सि. नं. | सिफारिसको विवरण | आ.व. २०८१।०८२ को स्वीकृत दर | आ.व.२०८२।०८३ को प्रस्तावीत दर |
|---|---|---|---|
| १ | वशंजको नागरिकता सिफारिस (निवेदन दस्तुर सहित) | ३०० | ३०० |
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस ,, ,, | ३०० | ३०० |
| ३ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | ५०० | ५०० |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिस | ३०० | ३०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ३०० | ३०० |
| ६ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | ३०० | ३०० |
| ७ | विद्युत सिफारिस | ३०० | ३०० |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | ३०० | ३०० |
| ९ | जन्म मिति प्रमाणित | ३०० | ३०० |
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | ३०० | ३०० |
| ११ | नाम थर जन्ममिति संसोधन सिफारिस | ३०० | ३०० |
| १२ | घरजग्गा नामसारी सिफारिस (स्वामित्व हस्तान्तरण) | ३०० | ३०० |

गाउँपालिका

| | | | |
|---|---|---|---|
| १३ | सम्बन्ध विच्छेद भएको सिफारिश | ५०० | ५०० |
| १४ | फुकुवा सिफारिस | ५०० | ५०० |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० | ५०० |
| १६ | हकवाला संरक्षण सिफारिस | ५०० | ५०० |
| १७ | नक्कल प्रमाणित दस्तुर (एकिकृत रसिद समेत) | ३०० | ३०० |
| १८ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ५०० | ५०० |
| १९ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | ३०० | ३०० |
| २० | घरनक्सा नामसारी | ५०० | ५०० |
| २१ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | ५०० | ५०० |
| २२ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ३०० | ३०० |
| २३ | नीजि क्षेत्रका रुख कटान सिफारिस | १०० | १०० |
| २४ | मिलापत्र दस्तुर | १,००० | १,००० |
| २५ | नावालक सिफारिस | ३०० | ३०० |
| २६ | घटना दर्ता जन्म मृत्यु, विवाह जस्ता सिफारिस | ३०० | ३०० |
| २७ | विभिन्न दलित,जन जाति तथा थर प्रमाणित | ३०० | ३०० |
| २८ | कर किलियर सिफारिस नेपाली | ३०० | ३०० |
| २९ | पारिवारिक विवरण | ३०० | ३०० |
| ३० | खानेपानी सम्वन्धि सिफारिस | ३०० | ३०० |
| ३१ | उद्योग दर्ता नविकरण सिफारिस | | |
| | (क) साना | ५०० | ५०० |
| | (ख) मझौला | ८०० | ८०० |
| | (ग) ठूला | १,२०० | १,२०० |
| ३२ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | | |
| | (क) पुर्व प्रा.वि. | १,००० | १,००० |
| | (ख) प्रा.वि. | १,२०० | १,२०० |
| | (ग) नि.मा.वि. | १,५०० | १,५०० |
| | (घ) मा.वि. | २,००० | २,००० |
| | (ङ) उच्च मा.वि.(११ र १२) | २,५०० | २,५०० |
| | (च) स्नातक तह | ३,००० | ३,००० |
| ३३ | वैद्धेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ५०० | ५०० |
| ३४ | चारकिल्ला प्रमाणित | ३०० | ३०० |
| ३५ | बैदेशिक प्रयोजनका लागि कन्सुलर प्रमाणित | ५०० | ५०० |
| ३६ | संस्था दर्ता/नविकरण सिफारीस | ५०० | ५०० |
| ३७ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी शिफारिस | ३०० | ३०० |
| ३८ | घर कायम शिफारिस | ३०० | ३०० |
| ३९ | वन्दुक नविकरण शुल्क | ५०० | ५०० |
| ४० | माथि उल्लिखित बाहेकका सवै किसिमका सिफारिसहरुमा | ३०० | ३०० |
| ४१ | निवेदन दस्तुर | १०० | १०० |
| ४२ | सुची दर्ता निवेदन दस्तुर | २०० | २०० |
| ४३ | निजि धारा | | |
| | व्यक्तिगत आवासिय प्रयोजन | १०० | १०० |
| | सरकारी कार्यालय एवं आवासिय प्रयोजन | ३०० | ३०० |
| | पर्यटन व्यवसायी प्रयोजन | २०० | २०० |
| | अन्य व्यवसायिक प्रयोजन | १०० | १०० |

**नोटः-**

- गाउँपालिका क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय-पत्र सम्बन्धी, छात्रवृति सिफारिस सम्बन्धी, आर्थीक अवस्था कमजोर भई विपन्नता प्रमाणित सम्वन्धी, नेपाल सरकारको नाममा बाटो कायम सम्बन्धी, स्वास्थ्य उपचार सम्बन्धी तथा विपद सम्बन्धी शिफारिसहरुमा शिफारिस दस्तुर छुट दिईनेछ ।
- निवेदन दस्तुर भन्नालेमाथि ४० बुदा सम्म उल्लेखित गाउँपालिकाबाट लाग्ने सिफारिस दस्तुर र उपभोक्ता समितिको निवेदने बाहेकका अन्य निवेदनमा लाग्ने दस्तुर भन्ने बुझाउँछ ।

**ख) पटके बजार तथा हाट बजार शुल्क**

| सि.नं. | व्यवशाय | आ.व. २०८१।०८२ को स्वीकृत दर | आ.व.२०८२।०८३ को प्रस्तावीत दर |
|---|---|---|---|
| १ | फेन्सी कपडा, प्रति पसल | ५०० | ५०० |
| २ | ठेका भांडा प्रति पसल | ३५० | ३५० |
| ३ | माटोको भांडा प्रति पसल | ३५० | ३५० |
| ४ | प्रोभिजनल प्रति पसल | २५० | २५० |
| ५ | मादल प्रति पसल | २५० | २५० |
| ६ | औजार भांडा प्रति पसल | ३५० | ३५० |
| ७ | सुन चांदी प्रति पसल | ५०० | ५०० |
| ८ | चिया नास्ता प्रति पसल | २५० | २५० |
| ९ | डाला नाङला प्रति पसल | २५० | २५० |
| १० | चुरापोते प्रति पसल | २५० | २५० |
| ११ | जिरामसला पसल | ३५० | ३५० |
| १२ | जडिवुटि पसल | २५० | २५० |
| १३ | अन्य पसल हेरेर | **१०० देखि ५०० सम्म** | **१०० देखि ५०० सम्म** |

**ग) मूल्यांकन सेवा शुल्क**

सम्पति मूल्यांकन तथा आयश्रोत प्रमाणितमा निम्नानुसारको सेवा शुल्क लगाईनेछ । पहिलो पटक मुल्यांकन गर्दा तल उल्लेख भएअनुसार मुल्यांकन शुल्क लाग्ने र सोही आ.व.मा सोहि व्यक्तिबाट सोहि विवरण बमोजिम उल्लिखित मूल्यांकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मूल्यांकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५%, दोश्रो पटक ५०%, तेश्रो पटक ७५% र चौथो पटक १००% सेवा शुल्क लाग्ने छ । सम्पति मूल्याकंन तथा आयश्रोत प्रमाणित शुल्क लिइसकेपछि थप सिफारिश दस्तुर लाग्ने छैन । यो व्यवस्था एक आ.व. भित्र रहने छ । आ.व. परिवर्तन भएमा शुरु १०० प्रतिशत नै लाग्नेछ ।

| सि.नं. | मुल्यांकन | आ.व. २०८१।०८२ को स्वीकृत दर रु. | आ.व. २०८२।०८३ को प्रस्तावीत दर रु. |
|---|---|---|---|
| १ | - सम्पत्ती मुल्यांकन प्रति हजार रुपैयाको | **रु.**१ | **रु.**१ |
| २ | - आयश्रोत प्रमाणित प्रति हजार रुपैयाको | **रु.**१ | **रु.**१ |

**घ) व्यक्तिगत घटना दर्ता**

व्यक्तिगत घटना दर्ता ऐन २०३३ र नियमावलि २०३४ वमोजिम गाउँ क्षेत्र भित्रका व्यक्तिगत घटना दर्तावाट आउने राजश्व स्थानीय तहले आँफै प्रयोग गर्न सकिने गरि भएको हालैको व्यवस्था वमोजिम व्यक्तिगत घटना दर्तावाट प्राप्त आयलाई गाउँपालिकाको आन्तरिक आयको रुपमा राख्ने गरी देहाय वमोजिमका घटना दर्तामा देहाय वमाजिमको रकम शुल्क लगाउने निर्णय गरियो ।

१. जन्म दर्ता रु ३००
२. मृत्यु दर्ता रु ३००
३. विवाह दर्ता रु ३००
४. वसाई सरी आउने रु ३००
५. वसाई सरी जाने रु ३००

पुनश्चः उल्लेखित घटना दर्ता घटना घटेको ३५ दिन भित्र स्थानीय पञ्जिकाधिकारी समक्ष घटना दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन ।

उल्लेखित घटना दर्ताको प्रतिलिपी दिँदा प्रति प्रतिलिपी रु ५००।०० दस्तुर लाग्नेछ ।

**ङ) सडक मर्मत शुल्क**

यस गाउँपालिका क्षेत्रभित्र नंया व्यक्तिगत धारा जडान गर्दा वा मर्मत गर्दा र ड्रेनको निकास वा अन्य कुनै कारणले सडक खाडल पार्नु पर्ने वा सडक काट्नु पर्ने भएमा त्यस्तो कार्य समाप्त भएपछि सो फुटाइएको वा काटीएको सडकलाई पुर्व अवस्थामा ल्याउन सो कार्य गर्ने व्यक्तिबाट निम्नानुसारका दरले मर्मत शुल्क लिई सडक काट्ने अनुमति दिईनेछ । तर खानेपानीको लागि नयाँ धारा जडान र अत्यावश्यकिय ढल निकास गर्नुपर्ने अवस्था वाहेक अन्य अवस्थामा पिच सडक काट्ने अनुमति दिईने छैन ।

१. सडकको पिच काट्नु पर्ने भएमा रु १,०००।- एक हजार मात्र ।
२. पिच सडक भएतापनि उक्त पिच सडकको पिच काट्न वा फुटाउनु नपर्ने भई पाइप घुसाउन मिल्ने भएमा रु ५००।- (पाँच सय) ।
३. जिर्ण अवस्थामा रहेका पिच सडक काट्न पर्ने वा फुटाउन पर्ने भएमा रु ५००।- (पाँचसय) ।
४. ग्राभेल बाटो फुटाउन वा काट्न पर्ने भएमा रु ५००।- (पाँच सय) ।
५. कच्चि बाटो, गोरेटो बाटो, अन्य जग्गामा खन्नु वा काट्नु परेमा रु ३००।-(चार सय) ।
६. खानेपानी धारा जडानको जडान कार्य समाप्त भएपछि अनिवार्य रुपमा च्याम्बर निर्माण गनुपर्ने।

**च) दैनिक सवारी तथा सडक मर्मत सुधार शुल्क**

यस गाउँपालिका अन्तर्गतका साविकका गा.वि.स.हरुबाट एवं गाउँपालिकाबाट निर्माण गरिएका सडकहरुमा निम्नानुशारको दररेटमा सवारी कर र सडक मर्मत सुधार शुल्क लगाई आवश्यक प्रकृया पूरा गरी असूल उपर गरिने छ ।

| सि.नं | सवारी साधनको नाम | नियमानुसार पटके सवारी करको दर | सडक मर्मत सुधार सहयोग शुल्क | जम्मा |
|---|---|---|---|---|
| १ | निजि तथा भाडाका कार, जिप, भ्यान | ३०।- | ७०।- | १००।- |
| २ | निजि तथा भाडाका ट्रक, बस, टिपर | १०० ।- | १००।- | २००।- |
| ३ | निजि तथा भाडाका ट्रयाक्टर, लहरी | १०० ।- | १५०।- | २५०।- |
| ४ | अन्य साधन र पावरटेलर ट्रयाक्टर | २०।- | ३०।- | ५०।- |

**छ) सरसफाइ शुल्क**

यस गाउँपालिका बजार केन्द्रहरु एवं बस्तीहरुमा उत्सर्जन हुने फोहोरमैलाको उचित संकलन एवं व्यवस्थापन गरी फोहोरमैला व्यवस्थित गर्नको लागि सोको विस्तृत कार्य योजना बनाई रु ५०।- देखी रु ३०० ।- सम्म मासिक सरसफाई शुल्कको दर तोकी लागु गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**ज) नक्सापास /घर कायम दस्तुर/घर अभिलेखिकरण दस्तुर**

यस गाउँपालिका क्षेत्रभित्र निर्माण हुने घर/भवन/टहरा एवं अन्य संरचनाहरु निर्माण तथा घर कायम गर्दा निम्नानुशारको दरमा घर नक्सापास दस्तुर लाग्नेछ ।

१. नक्सापास/घर कायम/घर अभिलेखिकरण निवेदन फारम तथा घर कायम दस्तुर रु. १०००।- ( पक्की संरचना निर्माण/घर कायम)

२. नक्सापास/घर कायम/घर अभिलेखिकरण निवेदन तथा घर कायम फारम दस्तुर रु. ३०० ।- ( कच्ची संरचना निर्माण/घर कायम)

३. आर.सी.सी. संरचना निर्माण तथा घर कायम गर्दा :

| **नक्सापास** | **घर कायम/घर अभिलेखिकरण दस्तुर** **(स्थानिय सरकार संचालन ऐनको दफा४२ बमोजिम)** |
|---|---|
| क) भुँई तल्ला प्रति बर्गफिट रु. ४।- | क) भुँई तल्ला प्रति बर्गफिट रु. १२।- |
| ख) पहिलो तल्ला प्रति बर्गफिट रु. ५।- | ख) पहिलो तल्ला प्रति बर्गफिट रु. १५।- |
| ग) दोश्रो तल्ला प्रति बर्गफिट रु. ५.५०।- | ग) दोश्रो तल्ला प्रति बर्गफिट रु. १६.५।- |
| घ) तेश्रो तल्ला एवं सो भन्दा माथि प्रति बर्गफिट रु. ६।- | घ) तेश्रो तल्ला एवं सो भन्दा माथि प्रति बर्गफिट रु. १८।- |

४. ढुङ्गा माटोको जोडाई र सो मा सिमेन्ट प्रयोग गरी निर्माण तथा घर कायम गरीने संरचना ( लोडवेरीङ वालसमेत)

| **नक्सापास** | **घर कायम/घर अभिलेखिकरण दस्तुर** |
|---|---|
| क) भुँई तल्ला प्रति बर्गफिट रु. २।- | क) भुँई तल्ला प्रति बर्गफिट रु. ६।- |
| ख) पहिलो तल्ला प्रति बर्गफिट रु. २.५० | ख) पहिलो तल्ला प्रति बर्गफिट रु. ७.५ |
| ग) दोश्रो तल्ला प्रति बर्गफिट रु. ३।- | ग) दोश्रो तल्ला प्रति बर्गफिट रु.९।- |
| घ) तेश्रो तल्ला एवं सो भन्दा माथि प्रति बर्गफिट रु. ५.५० | घ) तेश्रो तल्ला एवं सो भन्दा माथि प्रति बर्गफिट रु. १६.५ |

५. काठको संरचनाको घर निर्माण गर्दा एवं अस्थायी छाप्रो निर्माण गर्दा अस्थायी सामान्य नक्सा पेश गर्नुपर्ने र जमिन कभरेज ५०० बर्गफिट सम्मको घर/छाप्रोको लागि रु. ५००।- , १००० बर्गफिट सम्मको लागि रु. ८०० ।- र सो भन्दा माथिको प्रति बर्गफिट रु. १ ।- का दरले लाग्ने छ ।

६. बजार क्षेत्रमा निर्माण हुने पर्खाल प्रति बर्गफिट रु. १ ।- दस्तुर लाग्नेछ ।

७. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन संरचनाहरुलाई भवन तथा योजना मापदण्ड२०७२ का आधारमा व्यवशायिक र व्यापारिक प्रयोजन र आवासीय प्रयोजनमा वर्गीकृत गरी व्यपारिक प्रयोजनका घर संरचनाहरुमा माथि ३ र ४ मा उल्लेखित दरमा प्रति वर्गफिटरु.२।-थप गरी नक्सापास दस्तुर लिइनेछ ।

८. यस गाउँपालिकामा नक्सा पास गर्ने प्रयोजनको लागि घर संरचनाहरुको नक्साको ड्रोइङ रडिजाइन तथा नक्सा तयार गर्ने इन्जिनियर एवं सव-इन्जिनियर यस गाउँपालिकामा वार्षिक रुपमा सूचिकृत हुदाँ गाउँपालिकाले वार्षिक एकमुस्ट रु.४०००।- दस्तुर कायम गर्ने, पटके रुपमा सूचीकृत हुनेको लागि १०००।- sq feet भन्दा कम संरचनाको नक्सा पास गर्दा रु.१०००।- र सोभन्दा बढी संरचनाको नक्सा पेश गर्दा रु.२०००।- दस्तुर लिई सूचीकृत गरिनेछ ।

**झ.विक्रीजन्य सामाग्रीहरु**

यस गाउँपालिकाको भण्डारणमा रहेको विष्फोटक पदार्थ सामाग्रीहरु विकास निर्माण कार्यका लागि आवश्यक पर्ने निकायहरु उपभोक्ता समिति, निर्माण व्यवसायि एवं अन्य स्थानीय तहहरुलाई दिदँा देहायको दर रेटमा उपलब्ध गराउने

१.जिलेटीन प्रति के.जी. रु.६००।-
२.डिटेनेटरप्रति गोटा रु.१५।-
३.फ्युज वायर प्रति मिटररु.३५।-

## अनुसूची -१३

(दफा १३ संग सम्बन्धित)

**पर्यटन शुल्क**

| **क.सं.** | **शूल्क प्रकार** | **शुल्क दर** |
|---|---|---|
| १. | पर्यटन शुल्क (पार्क, भ्यु पोइन्ट प्रवेश) | रु ५० प्रति पटक |

अनुसूची-१४

**दहत्तर बहत्तर**

**दहत्तर बहत्तर** कर प्रदेश सरकारको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ ।

अनुसूची-१५

**कर छुट/जरिवाना**

**क) कर छुट**

१.सम्पत्ति कर सोहि आ.व.को पौष मसान्त सम्म वुझाउने करदाताहरुलाई १० प्रतिशत छुट दिईने छ र माघ १ गते पछि छुट दिइने छैन। सो आ.व. भित्र नवुझाएमा गतवर्षको करमा १० प्रतिशत र विगत अगाडिका वर्षहरुको हकमा करको दरमा एकमुष्ट २० प्रतिशत जरिवाना लाग्नेछ।

२.चालु आ.व. को व्यवसाय कर चालु आ.व.को आश्विन मसान्त भित्र बुझाउने कर दाताहरुलाई करको दरमा १० प्रतिशत छुट दिईने छ। सो आ.व. भित्र नवुझाएमा गतवर्षको करमा १० प्रतिशत र विगत वर्षहरुको करको दरमा २० प्रतिशत जरिवाना लगाईने छ।

३.उल्लेखित कर/दस्तुर/शुल्क/महशुलको अतिरिक्त अन्य कुनै कर/दस्तुर/शुल्क/महशुल गाउँपालिकाले लगाउन आवश्यक देखिएमा एवं माथि उल्लेखित कुनै बिषयलाई व्यवस्थित गर्नु पर्ने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरी लागु गर्न सक्नेछ।

न्याक्रो गाउँपालिका